# झापा जिल्ला अदालत

## सामान लिलाम बिक्री गर्ने सम्बन्धी जरुरी सूचना

<u>दोस्रो पटक प्रकाशित मिति २०८१।१०।१३ गते</u>

<u>प्रथम पटक प्रकाशित मिति २०८१।०७।१३ गते</u>

<u>तहसिल शाखा</u>

वादी दिपेशकुमार शिवाकोटी प्रतिवादी पदमबहादुर पौडेल भएको घर टहरा हटाइ जग्गा खिचोला चलन मुद्दामा (मु. नं. ०७१-CP-०१४९) झापा जिल्ला अदालतको मिति २०७३।१२।१७ को तथा उच्च अदालत विराटनगर इलाम इजलासको मिति २०७५।८।४ फैसला बमोजिम फैसला कार्यान्वयनको क्रममा जग्गा वादीलाई चलन चलाउने सिलसिलामा यस अदालतबाट खटी गएको डोरबाट मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३८ को उपदफा (१०) र (११) बमोजिम मालसामानहरु नियन्त्रणमा लिई जिन्सीमा आम्दानी बाधि उक्त मालसामानहरु विर्तामोड न.पा. को दमकल शाखामा रहने गरी राखिएको जिन्सीमा आम्दानी बाँधिएका मालसामानहरू फिर्ता लिन मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३८ को उपदफा (१२) बमोजिम सूचना समेत दिएकोमा उक्त सूचना मिति २०८१।३।१२ मा रितपूर्वक तामेल भई हाल सम्म मालसामान धनीहरू सामान फिर्ता माग्न नआएका र मालसामानहरू लामो अवधी सम्म त्यसै राखिरहँदा खिया लागि वा अरु कुनै परिबन्धबाट टुटफुट वा नोक्सान हुन सक्ने अवस्थाको देखिएको हुँदा र ति मालसामानहरू व्यवस्थित रुपले राख्नको लागि राख्ने ठाँउको अभाव समेत भएकोले मालसामानहरू लिलाम बिक्रीका लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ को कार्यविधि पुरा गरि ऐ. को नियम ९२(५) बमोजिमको मूल्याङ्कन समितिबाट मोल कायम गरी आवश्यकता अनुसार एकै पटक वा अलग अलग डाक लिलाम गरी लिलामबाट प्राप्त रकम धरौटीमा आम्दानीमा बाँध्ने प्रयोजनका लागि यस अदालतका स्रेस्तेदारको अध्यक्षतामा मिति २०८१।६।१३ गते बसेको बैठकमा भएको छलफलको निर्णय अनुसार सामानहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा जिल्ला अदालत नियमावली ,२०७४ को नियम ९२ बमोजिम तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ र नियमावली, २०७७ बमोजिम डाँक बढाबढ द्वारा लिलाम बिक्री गरिने भएकाले मुल्याङकन समितिको निर्णयानुसार ईच्छुक व्यक्ति वा फर्महरुले देहायको दर रेटमा उल्लेखित शर्त तथा अधिनमा रही डाँक बढाबढको लागी मिति २०८१।०७।१३ गते प्रथम डाक लिलामका लगि सूचना प्रकाशित भएतापनि कसैले डाल लिलाम नसकारेको हुदा यो दोस्रो पटक लिलामको सूचना प्रकाशित गरिएको हुदा उक्त मितिमा यस अदालतमा उपस्थित भई डाक लिलाममा भाग लिनु सर्वसाधारण सवैका लागि यो सूचना प्रकाशित गरीएको छ।

२०८१।१।१४

### <u>सामाहरुको दर रेट विवरण</u>

| सि.नं | सामानहरु | प्रति इकाई मूल्य | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | फलाम | रु. ४८/केजी | |
| २. | प्लाष्टिक | रु. ४०/केजी | |
| ३. | सिल्भर | रु. २००/केजी | |
| ४. | स्टिल | रु. ५०/केजी | |
| ५. | कपडा | रु. १०/केजी | |
| ६. | कपास | रु. १०/केजी | |
| ७. | काठ | रु. १०/केजी | |
| ८. | पानी तान्ने मोटर | रु. ७००/पिस | |
| ९. | रेफ्रिजेनेटर | रु. १०००/पिस | |
| १०. | तामा | रु. ९००/केजी | |
| ११. | पित्तल | रु. ७००/केजी | |
| १२. | सिसा | रु. १५/केजी | |
| १३. | कागज | रु. ३०/केजी | |

१. लिलामद्वारा बिक्री गरिने मिति, समय र स्थानः २०८१ साल माघ महिना १३ गते आइतवार दिउँसो ३:०० देखि ४:०० सम्म यस अदालतको तहसिल शाखा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ।

२. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०८१।१०।१३ गते दिउँसो कार्यालय समयसम्म व्यक्तिको लागि नेपाली नागरिकताको प्रमाणपत्र र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दस्तुर रु. १,०००/- (एक हजार) फिर्ता नहुने गरी यस अदालतको तहसिल शाखामा वुझाउनु पर्नेछ।

३. निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन।

४. सम्पूर्ण सामानहरू एकमुष्ट रुपमा सकार गर्नुपर्ने छ।

५. डाँक सकार गरि लिनेले ७ दिन भित्र रकम दाखिला गरी दाखिला गरेको मितिले १५ दिनभित्र सामान उठाई लैजानु पर्नेछ। ७ दिनभित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा १० प्रतिशत रकम कानून बमोजिम जफत हुनेछ।

६. यस सम्बन्धी थप जानकारी लिनु परे कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

७. लिलाम सकार गरेको सामान जे जति जे-जस्तो अवस्थामा छ सोहि अवस्थामा विर्तामोड नगरपालिकाको सामान राखिएको स्थानबाट लिई जाने र ओसारपसार गर्दा लाग्ने खर्च लिलाम सकारकर्ता स्वयंले व्यहोर्नु पर्नेछ।

८. माथि कायम गरिएको मूल्य अ.क. बाहेकको हो।

तहसिलदार
शाखा अधिकृत